C:\Users\JAY\Desktop\hawahuri\

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनगढी, कैलाली
(स्थानीय प्रशासन शाखा)

☎०९१-५२११०१ प्र.जि.अ.
☎०९१-५२१८०१/५२१३०२
☎०९१-५२६४४७/५२२३५३
📠०९१-५२२४४६ फ्याक्स
१६६०९१५२११०१टोल फ्रि
email: dao.kailali@gmail.com
web: daokailali.moha.gov.np

प.सं. २०७५।०७६
च.नं. ६२७१

मिति:-२०७६।०३।३०

विषय:- विवरण पठाएको ।

श्री गृह मन्त्रालय,
राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र, सिंहदरवार, काठमाण्डौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय,
सुदुरपश्चिम प्रदेश धनगढी, कैलाली ।
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
सुदुरपश्चिम प्रदेश धनगढी, कैलाली ।

मिति २०७६।०२।२३ गते वेलुकी आएको हुरी वतास बाट पीडित व्यक्ति /परिवारलाई आज मिति २०७६।०३।३० गते सम्म जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला प्रशासन कर्यालय, प्रदेश सरकार, स्थानीय तह र विभिन्न संघ संस्थाहरुबाट तपसिल बमोजिम राहत/सहयोग उपलब्ध गराईएको व्यहोरा अनुरोध छ ।

**तपसिल**

१. मृतक

क) टीकापुर न.पा वडा नं.२ का मृतक लहानु डगौराको हकदारलाई जिल्ला विपद् व्यवस्थापन समितिबाट रु १,००,०००।- (एक लाख), प्रदेश स्तरबाट प्राप्त राहत रकमबाट रु १,५०,०००।-(एक लाख पचास हजार) र टीकापुर न.पा. बाट रु २५,०००।- (पच्चिस हजार ) गरी जम्मा रु २,७५,०००।- (दुई लाख पचहत्तर हजार) उपलब्ध गराएको ।

ख) गोदावरी न.पा. वडा नं. ४ का मृतक विर बहादुर चौधरीका हकदारलाई (सवारी दुर्घटना बिमाबाट) रु.५,००,०००।-(पाँच लाख) उपलब्ध गराएको ।

२. घरबास क्षति भएका पीडित परिवारलाई सुदुरपश्चिम प्रदेश सरकारबाट प्राप्त रु ४,२७,६५,०००।-(चार करोड सत्ताइस लाख पैसठ्ठी हजार) मध्येबाट स्थानिय तहहरुको सिफरिसको आधारमा स्थानिय विपद् व्यवस्थापन समितिले वितरण गर्ने गरी जिल्ला प्रशासन कार्यालयबाट निम्नानुसार नगद राहत उपलब्ध गराईएको ।

| सि.नं. | पालिकाको नाम | घरधुरी संख्या | राहत रकम |
|---|---|---|---|
| १ | धनगढी उ.म.न.पा. | २५५० | १,२७,६५,०००।- |
| २ | गोदावरी न.पा. | १४४३ | ७२,१५,०००।- |
| ३ | घोडाघोडी न.पा. | ३५२ | १७,६०,०००।- |
| ४ | लम्की चुहा न.पा. | २०२ | १०,१०,०००।- |
| ५ | गौरीगंगा न.पा. | १८५ | ९,२५,०००।- |
| ६ | टीकापुर न.पा. | ९९ | ५,२५,०००।- |
| ७ | कैलारी गा.पा. | ८५८ | ४२,९०,०००।- |
| ८ | बर्दगोरिया गा.पा. | २९४ | १४,७०,०००।- |
| जम्मा | | ५९८३ | २,९९,६०,०००।- |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनगढी, कैलाली

☎०९१-५२११०१ प्र.जि.अ.
☎०९१-५२१८०१/५२१३०२
☎०९१-५२६४४७/५२२३५३
📠०९१-५२२४४६ फ्याक्स
१६६०९१५२११०१टोल फ्रि
email: dao.kailali@gmail.com
web: daokailali.moha.gov.np

प.सं. २०७५।०७६

३. स्थानिय तह आफैले पीडित परिवारलाई वितरण गरेको राहत विवरण।

| सि.नं. | पालिकाको नाम | घरधुरी संख्या | राहत रकम |
|---|---|---|---|
| १ | गोदावरी न.पा. | ३४६८ | ५८,५६,५००।- |
| २ | घोडाघोडी न.पा. | ३४७ | ११,४५,०००।- |
| ३ | लम्की चुहा न.पा. | ५१६ | २५,९०,०००।- |
| ४ | गौरीगंगा न.पा. | १७६ | १२,००,०००।- |
| ५ | टीकापुर न.पा. | ९९ | ५,४०,०००।- |
| ६ | बर्दगोरिया गा.पा | २२४ | ६,७२,०००।- |
| ७ | भजनी न.पा. | १९३ | १०,८५,०००।- |
| ८ | कैलारी गा.पा. | १४४२ | १४,४२,०००।- |
| ९ | जानकी गा.पा | १० | ६५,०००।- |
| | जम्मा | ६४७५ | १,४५,९५,५००। |

४. जिल्ला विपद् व्यवस्थापन समितको समन्वयमा (सशस्त्र प्रहरी बल नं.७, बैद्यनाथ बाहिनी, प्रदेश सरकार, स्थानीय तह, रेडक्रस, गैर सरकारी संस्था समेत बाट प्राप्त) वितरण गरिएको त्रिपाल संख्या - ३९९४

५. धनगढी उपमहानगरपलिका वडा नं. १२ बस्ने घाईते शारदा वि.क.को सेती अञ्चल अस्पतालमा उपचार गराउँदा लागेको उपचार खर्च बापत जिल्ला प्रशासन कार्यालय कैलाली बाट उपलब्ध गराएको रु.८१६०।-

६. त्रि.वि.वि. शिक्षण अस्पताल माहाराजगंज काठमाडौँमा उपचार गराई रहनु भएका गोदावरी नपा २ बस्ने लोकराज ओझा र धनगढी उ म न पा ७ घर भै हाल राष्ट्रिय ट्रमा सेन्टर, काठमाडौँमा उपचार गराई रहनु भएका शिवहरी गिरीको निशुल्क उपचारको व्यवस्थाका लागि गृह मन्त्रालयमा अनुरोध गरिएको।

७. जिल्ला विपद् व्यवस्थापन समितीको पहलमा आर्थिक रुपले विपन्न, एकल महिला, जेष्ठ नागरिक, असहाय हावाहुरी पिडित परिवारहरुको लागि रोटरी क्लब धनगढीको आर्थिक सहयोग र सशस्त्र प्रहरी बलको जनशक्ति सहयोगमा ४२ वटा घरहरु मर्मत/ पुनर्निर्माण र २१ पिडित परिवारलाई ४७३ थान जस्तापाता उपलब्ध गराएको।

८. जिल्ला विपद् व्यवस्थापन समितीको पहलमा सशस्त्र प्रहरी बल नेपालको जनशक्ति र उद्योग वाणिज्य संघ कैलालीको आर्थिक सहयोगमा हावाहुरीबाट प्रभावित सुत्केरी र अपाङ्ग महिलाको २ वटा घर पुनर्निर्माण गरेको

९. जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा ग्रामीण महिला विकास तथा एकता केन्द्र (रुडुक)ले धनगढी न.पा. भित्रका प्रभावित २० परिवारहरुलाई प्रति परिवार रु २,५००।- बराबरको दैनिक उपभोग्य सामाग्री राहत स्वरुप उपलब्ध गराएको। साथै मर्सिकोर नेपालले ४ घर परिवारलाई सेल्टर किट उपलब्ध गराएको।

१०. जोशीपुर गा.पा. बाट मिति २०७६।०२।२३ गतेको हावाहुरीका कारण क्षति भएका ३ वटा विद्यालयलाई रु.५५,०००। र १ सहकारी भवनलाई रु.९०,००० गरी जम्मा रु.१,४५,०००। राहत रकम उपलब्ध गराएको।

यज्ञराज बोहरा
प्रमुख जिल्ला अधिकारी